## पाठ - 2
## पोशाकको बिषय

## الدرس الثاني - نيبالي
من أحكام اللباس

३- पुरुषहरुको लागि घुँडाको तल सम्म लुगा लगाउनु जायज छैन, अबूहुरैरह ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो مَا أَسْفَلَ مِنَ الكَعْبَيْنِ مِنَ الإِزَارِ فَفِي النَّارِ

«जुन सुकै लुँगी घुँडा भन्दा तल सम्म छ भने त्यो आगोमा जान्छ» (बुखारी- ५७८७) यस मनाहि अन्तर्गत कुर्ता, पाइजामा, पैन्ट, च्यादर, र यस्तो हरेक लुगा सामिल छ जुन् गोलीगाठो भन्दा तल हुन्छ, मात्र घमण्डले लगाइएको व्यक्ति सँग खास छैन, तर यदि घमण्डले कोहि यस्तो गर्नु हुन्छ भने त्यसको लागिसजाय अझै कठिन छ, इब्ने उमर ﵁ को हदीस हो कि रसूल ﷺ ले भन्नु भयो

مَنْ جَرَّ ثَوْبَهُ خُيَلَاءَ لَمْ يَنْظُرِ اللهُ إِلَيْهِ يَوْمَ القِيَامَةِ

«जुन सुकै व्यक्तिले घमण्डको कारण आफ्नो लुगा धरतिमा छुवाउँछ भने प्रलोकमा अल्लाहले त्यसको तर्फ हेरने छैन» (बुखारी- ३६६५,मुस्लिम २०८५)
तर महिलाको लागि लामो लुगा लगाउनु अनिवार्य छ ताकि उसको कदम छोपिएको होस ।
४- यति पातलो लुगा लगाउनु जायज छैन जुन् गुप्ताङ्गहरुलाई छोपन सक्दैन, वा यति फिट लुगा लगाउनु पनि जायज छैन जसको द्वारा शरिरको आकार स्पष्ट हुन्छ, पुरुष र महिला सबैको लागि ।
५- महिलाको लागि पुरुष जस्तो लुगा लगाउनु र पुरुषको लागि महिला जस्तो लुगा लगाउनु हराम गरिएको छ, इब्ने अब्बास ﵄ को हदीस छ कि

لَعَنَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ المُتَشَبِّهِينَ مِنَ الرِّجَالِ بِالنِّسَاءِ، وَالمُتَشَبِّهَاتِ مِنَ النِّسَاءِ بِالرِّجَالِ

«रसूल ﷺ ले महिला जस्तो लुगा लगाउने पुरुष र पुरुष जस्तो लुगा लगाउने महिलालाई धुत्कारनु भएको छ» (बुखारी- ५८८५)
६- त्यस्तै काफिर जस्तो लुगा लगाउनु हराम गरिएको छ, तसर्थ एक मुस्लिमको लागि काफिरहरुको खास पोशाक लगाउनु जायज छैन, अब्दुल्लाह बिन अमर बिन अलआसले भन्नु भयो कि रसुल ﷺ ले मलाई दुइवटा पिला रंगको लुगा लगाएको हेर्नु भयो र भन्नु भयो «यो काफिरहरुको लुगा हो यसलाई तिमी न लगाउ» (मुस्लिम- २०७७)